# झिमरुक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

भ्यागुते, प्युठान

लुम्बिनी प्रदेश,नेपाल

पत्र संख्याः-२०८२/८३ | मितिः- २०८२/०९/११

चलानी /सूचना नं.:-०१ | ने.स.-११४६ पोहेलाथ्व,६ शुक्रवार

**<u>तहवृद्धिका लागि आवेदन फाराम पेस गर्ने सूचना ।</u>**

सूचना प्रकाशित मिति २०८२/०९/११

स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ३१ बमोजिम तहवृद्धि हुने पदभन्दा एक तहमुनिको पदमा पाँच वर्षको सेवा अवधि पूरा भएका, पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औषत नब्बे प्रतिशत अङ्क प्राप्त गरेका, आवश्यक भौगोलिक क्षेत्रमा अनुभव प्राप्त गरेका, दफा ३४ बमोजिमको अवस्था विद्यमान नरहेका उपयुक्त उम्मेदवारहरुले एक तह माथिको तहमा तहवृद्धि हुन चाहेमा तहवृद्धि हुनका लागि यस कार्यालयमा स्थानीय निजामती सेवा नियमावली, २०८१ को नियम ४८ अनुसार सोही नियमावलीको अनुसूची-१६ वमोजिमको ढाँचामा सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र तपसिलका कागजात सहित आवेदन पेस गर्न यो सूचना प्रकाशन गरिएको छ।

<u>तपसिल</u>

१. सक्कल निवेदन,

२. हालको पदको नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि,

३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

४. कर्मचारी समायोजन भएको प्रमाणपत्रको प्रतिलिपि,

५. अद्यावधिक वैयक्तिक विवरणको प्रतिलिपि,

६. पछिल्ला पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कन फाराम पेस गरेको निकायको विवरण,

७. सम्बन्धित कार्यालयको सेवा निरन्तरता सम्बन्धी सिफारिस पत्र,

८. हालसम्म विभागीय कारबाहीमा नपरेको तथा प्रचलित कानून बमोजिम तहवृद्धिका लागि अयोग्य नरहेको स्वघोषणा,

९. तोकिएको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि ।

२०८२/०९/११

अमरराज सेजुवाल

प्रमुख प्रशासकीय अधिकृत

इमेल :jhimrukmun@gmail.com info@jhimrukmun.gov.np वेवसाइटः jhimrukmun.gov.np